नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी
अन्तर्राष्ट्रिय अनुबन्ध

वितरण: साधारण
२९ नोभेम्बर २०१८
मूल प्रति: अंग्रेजी

**मानव अधिकार समिति**

## ऐच्छिक आलेखको धारा ५ (४) अन्तर्गत उजुरी नं. २४१३/२०१४ सम्बन्धी समितिले ग्रहण गरेको निर्णय *, **

| | |
|---|---|
| *उजुरी पेश गर्ने :* | प्रशान्त कुमार पाण्डे (कानूनी सल्लाहकार, फिलिप ग्रान्ट, ट्र्याक इम्पुनिटी अलवेजद्वारा प्रतिनिधित्व गरिएको) |
| *पीडित भनी दावी गरिएको :* | उजुरीकर्ता |
| पक्ष राष्ट्र : | नेपाल |
| उजुरी मिति : | २० फेब्रुअरी २०१४ (सुरुमा पेश गरिएको) |
| *दस्तावेज सन्दर्भहरू:* | ४ जुन २०१४ मा पक्ष राष्ट्रलाई पठाइएको समितिको कार्यविधि नियम ९७ अन्तर्गतको निर्णय (कागजातको रूपमा जारी नभएको) |
| *ग्राह्यता सम्बन्धि निर्णय:* | ३० अक्टोबर २०१८ |
| *विषयवस्तु :* | स्वेच्छाचारी ढङ्गले पक्राउ गरी बन्दी बनाइएको;यातना दिएर स्वीकार गर्न लगाइएको यातनाको आरोपको प्रभावकारी छानविनको कमी रहेको |
| *प्रक्रियात्मक सवालहरु :* | घरेलु उपचार समाप्त भएको |
| *सारभूत सवालहरु :* | यातना र क्रुर तथा अमानवीय व्यवहारमा प्रतिबन्ध, व्यक्तिको स्वतन्त्रता तथा सुरक्षाको अधिकार, मानव व्यक्तिमा नीहित मर्यादाको सम्मान, निष्पक्ष सुनुवाइको अधिकार, प्रभावकारी कानूनी उपचारको अधिकार |
| *अनुबन्धका धाराहरू :* | २(३), ७, ९ (१)-(३), १० (१) र १४(२) र (३)(ख) र (छ) |
| *ऐच्छिक आलेखका धाराहरू :* | ५(२)(ख) |

* समितिद्वारा १२४ औँ सत्रमा ग्रहण गरिएको (८ अक्टोबर-२ नोभेम्बर २०१८)।

** प्रस्तुत उजुरीको जाँचबुझ प्रक्रियामा समितिका देहायबमोजिमका सदस्यहरूको सहभागिता रहेको थिया : तानिया मारिया अब्दो रोचोल, इल्जे ब्रान्ड्स केहरिस, सारा क्लिभल्याण्ड, अहमद अमीन फथल्ला, ओलिभियर डे फ्रुभिल, क्रिस्टोफ हेन्स, बमरियाम कोइटा, मार्सिया वीजे। क्रान, डंकन लाकी मुहुमुजा, माउरो पोलिटि, जोसे म्यानुअल सान्तोस पेस, युवल शानी, मार्गो वाटरवाल र एन्ड्रियास जिम्मरम्यान ।

१. यस उजुरीको उजुरीकर्ता सेप्टेम्बर २६, १९८५ मा जन्मिएका नेपाली नागरिक प्रशान्त कुमार पाण्डे हुन् । पक्षराष्ट्रले अनुबन्धको धारा ७ र १० (१) का साथसाथै धारा २(३) अन्तर्गत र धारा ९ (१)(३) र १४(२), साथै (३) (ख) र (छ) अन्तर्गत सुनिश्चित निजको अधिकार उल्लङ्घन गरेको उनले दावी गरेका छन् । उक्त अनुबन्ध र यसको ऐच्छिक आलेख नेपालका लागि सन् १९९१ को अगस्ट १४ देखि लागू भएको हो । उजुरीकर्ताको प्रतिनिधित्व कानून व्यवसायीद्वारा गरिएको छ ।

**उजुरीकर्ताबाट प्रस्तुत तथ्य**

२.१ उजुरीकर्ता नेपालमा मेडिकल सहायकको रूपमा काम गर्थे र नेपालको रूपन्देही जिल्लामा पर्ने झुलिनीपुरमा निजको मेडिकल पसल थियो । सन् २०११ को अप्रिल ७ का दिन भारत नेपाल सीमा भएर आउँदा निजलाई रूपन्देही जिल्ला प्रहरी कार्यालयका तीनजना प्रहरीले पक्राउ गरे । ती प्रहरीहरू सादा पोशाकमा थिए । उनीहरूले उजुरीकर्तालाई घेरेर उनीहरूसँगै हिँड्न भने । जब उजुरीकर्ताले उनीहरुसँग जान अस्वीकार गरे, तब एकजना प्रहरीले निजको टाउकोमा बन्दुक तेर्स्याए र निजको हातहरू पछाडि लगेर बाँधे । उजुरीकर्तालाई कुनै पक्राउ पुर्जी थमाइएको थिएन, र निजलाई पक्राउ गर्नुको कारण पनि बताइएन, न त निजको अधिकारबारे नै बताइएको थियो । उजुरीकर्तालाई बर्मेली प्रहरी चौकी लगियो, त्यहाँ निजलाई दुई घण्टाजति राखियो । यस अवधिमा पहरामा रहेका प्रहरीले उनलाई तीनपटक गालामा थप्पड हाने ।

२.२ बर्मेली टोलबाट उजुरीकर्तालाई बरिष्ठ प्रहरी उपरीक्षक प्रकाश आर्यालको कार्यालयमा लगियो र त्यहाँ निजलाई सोधपुछ गरियो । निजलाई सन् २०११ को मार्च २७ मा दुई जनाको ज्यान जानेगरी र अन्य दर्जनौं घाइते हुनेगरी एउटा भ्यानमा भएको बम विष्फोटको योजना बनाई त्यसलाई अन्जाम दिएको घटनामा निजको संलग्नताको बारेमा सोधपुछ गरियो ।उजुरीकर्ताले आफूलाई बम विष्फोटनको बारेमा केही थाहा नभएको बताए । यति भनिसक्दा प्रहरीले निजलाई निर्मम कुटपिट गर्न थाले, निजमाथि झापड, मुक्का र लात्ता बर्साए । तिनीहरूले निजको हातको हत्केलामा सुकेको सुपारी समेत राखेर टेबुलको खुट्टा त्यस सुपारीमाथि राखे । त्यसपछि तीन/चार जना प्रहरी टेबुलमाथि चढे, उजुरीकर्ताको हत्केलालाई टेबलको खुट्टाले दबाब दिए। यो यातना उजुरीकर्ताका लागि अत्यन्त पीडादायी र दर्दनाक थियो । प्रहरीले निजलाई एक घण्टाभन्दा बढी समयसम्म यो यातना दिइराखे । निजको हातमा पाँच-सात मिनेटसम्म टेबलको खुट्टाको दबाब दिइन्थ्यो र त्यसपछि निजलाई फेरि केरकार गर्दा यस यातनालाई रोकिन्थ्यो, त्यसको केही मिनेटपछि फेरि यातना दिन सुरु गरिन्थ्यो । सोधपुछका क्रममा प्रहरीले निजलाई बम विष्फोटमा निजको संलग्नता रहेको स्वीकार गराउन जोडबल गरे, साथै अन्य तीन जनाको पनि यसमा संलग्नता रहेको हो भनेर पुष्टि गर्न भने । उजुरीकर्ताले त्यस्तो कुनै पनि पुष्टि गर्न अस्वीकार गरे।

२.३ उजुरीकर्ताको खोजखबर नपाएपछि निजकी आमाले निजलाई मोबाइल फोनमा सम्पर्क गर्ने असफल कोशिश गरिन् र परिवारका सदस्य एवम् साथीभाइहरूसँग सोधखोज गरिन् । सन् २०११ अप्रिल ८ मा उनले रूपन्देही जिल्ला प्रहरी कार्यालयमा मानिस हराएको रिपोर्ट दर्ता गरिन् । उनले रिपोर्ट दर्ता गरेपछि प्रहरीले उनको छोरालाई हिरासतमा राखिएको कुरा अस्वीकार गर्‍यो । सोही दिन उजुरीकर्ताकी आमाले बुटवलस्थित राष्ट्रिय मानवअधिकार आयोगको स्थानीय कार्यालयमा पनि आफ्नो छोराको खोजी र रिहाइका लागि आयोगलाई हस्तक्षेप गर्न आग्रह गर्दै उजुरी दिएकी थिइन् । आयोगले उनको छोराको अवस्था पत्ता लगाउन कुनै औपचारिक कदम चालेन । सन् २०१४ को फेब्रुअरीमा उजुरी गरेपछि

चालिएको कदमबारे जानकारी दिन उजुरीकर्ताले अनुरोध गरेपछि मात्र आयोगले उजुरीकर्तालाई लिखित जवाफ दिएको थियो ।

२.४ सन् २०११ को अप्रिल ८ मा उजुरीकर्तालाई पुनः वरिष्ठ प्रहरी उपरीक्षक प्रकाश आर्यालको कार्यालयमा लगियो, त्यहाँ उनलाई केरकार गरियो र अपराध स्वीकार गराउन लाठी बर्साइयो ।केरकार र सोधपुछ घण्टौंसम्म चल्यो । निजलाई २७ मार्च २०११ को बम आक्रमणमा निजको कथित संलग्नताको बारेमा बारम्बार केरकार गरियो । एउटा चरणमा त उजुरीकर्ताको आँखामा पट्टी बाँधिएको थियो र उनको मुख एवम् कानलाई ब्यान्डेजले कसिएको थियो। निजलाईपहरा कक्षमा लगियो, त्यहाँ निजलाई ११ अप्रिल २०११ सम्म लगातार ५० घण्टाभन्दा बढी समयसम्म जबरजस्ती उभिन लगाइयो । निज थकित भएर बस्न खोज्दा निजलाई कुटपिट गरिन्थ्यो । निजलाई खान र पिउन समेत दिइएन ।

२.५ सन् २०११ को अप्रिल ११ का दिन उजुरीकर्तालाई फेरी वरिष्ठ प्रहरी उपरीक्षकको कार्यालयमा लगियो । निजको मुख र कानबाट ब्यान्डेज हटाएको भए पनि आँखामा पट्टी भने बाँधिएको थियो । निजलाई पुनः केरकार गर्दै थप कुटपिट गरियो, यसक्रममा टाउकोमा समेत लाठी प्रहार गरिएको थियो । एकजना प्रहरीले निजको खुट्टाको औंलामा टेकेर खुट्टा औंलाबाट नङ नै निकालिदिए । जब उजुरीकर्ताले शौचालय जान दिनु भनेर अनुरोध गरे, तब निजलाई प्रहरीले विद्युतीय हिटरमा जबरजस्ती पिसाब गर्न लगाए। यसबाट विद्युतीय झटका लागेर उनी बेहोश भए र उनको गुप्तांगबाट रगत बगिरह्यो । होशमा आएपछि आँखाको पट्टी हटाइएको थियो । उनले कुनै मेडिकल सहयोग वा उपचार पाएनन्।निजलाई फेरी एकपटक बम आक्रमणमा निजको संलग्नता स्वीकार गर्न भनियो र त्यसो गर्न अस्वीकार गरेमा मार्ने धम्की दिइयो । कुनै उपाय नदेखेर, डर र पीडामा परेका निजले सो आक्रमणमा आफ्नो र प्रहरीले उल्लेख गरेका तीन जनाको संलग्नता स्वीकार गरे। भोलिपल्ट निजलाई स्वास्थ्य परीक्षणका लागि अस्पताल लगियो तर निजले कुनै उपचार पाएनन् । पछी, निजलाई प्रहरीले लेखेर तयार गरेको स्वीकारपत्रमा जबरजस्ती हस्ताक्षर गर्न लगाइयो तर निजले त्यसलाई पढ्न पाएका थिएनन् । निजलाई भिडियो बयान पनि रेकर्ड गर्न बाध्य पारिएको थियो । निजलाई ७ देखि १३ अप्रिल २०११ सम्म बेपत्ता बनाइएको थियो । यस अवधिमा निजले वकिलसम्मको पहुँच पाएनन् र आफ्नो परिवारसँग सम्पर्क गर्न सकेनन्। निजले तीन दिनसम्म खानेकुरा पाएनन् र दुई दिनसम्म पिउनलाई पानी पनि दिइएन।

२.६ सन् २०११ को अप्रिल १३ मा उजुरीकर्तालाई रूपन्देही जिल्ला अदालतले हिरासतमा राखेर सोधपुछ गर्न इलाका प्रहरी कार्यालय बुटवलमा पठाइयो । निजलाई पत्रकारहरूको उपस्थितिमा सार्वजनिक गरियो र निजको स्थिति खुलाइयो । निजलाई बम हमलाको मुख्य अपराधीको रूपमा प्रस्तुत गर्दै पत्रपत्रिकामा लेखहरू प्रकाशित भए, तर कुनै पनि आरोपलाई गहन अनुसन्धान वा अन्तिम न्यायिक निर्णयबाट स्थापित गरिएको थिएन। निजलाई २८ दिनसम्म बुटवलमा राखियो । यस अवधिमा निजलाई बेलाबेलामा प्रहरीले कुटपिट र जथाभावी गाली गरे । निजलाई ५० जना अन्य थुनुवा समेत राखिएको साँधुरो कोठामा राखियो, तर त्यो कोठाको क्षममा १० जना मात्रै अटाउन सकिने थियो। राती तिनीहरूले काठको खाटमा पालैपालो सुत्नुपर्थ्यो, र तिनीहरूसँग ओढ्न ओछ्याउनका लागि केही फोहोर कम्बलहरू मात्र थिए। कोठामाझ्याल थिएन, र सरसफाइको अवस्था निकै खराब थियो। कोठामालामखुट्टे र उडुसहरू लाग्थे ।

२.७ मे २०११ मा, उजुरीकर्तालाई रूपन्देही जिल्ला अदालतका न्यायाधीश समक्ष पेश गरियो । न्यायधीश समक्षउजुरीकर्ताले आफूलाई यातना दिएर स्वीकार गराएको र मार्च २७, २०११

को बम आक्रमणमाआफ्नो कुनै संलग्नता नभएको भनी स्पष्ट रूपमा बताए ।[1]मे ११, २०११ मा, जिल्ला अदालतले उजुरीकर्तालाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो । त्यसपछी उजुरीकर्तालाई मुद्दाको सुनुवाइ सुरु हुनुअघि एक वर्षसम्म भैरहवाको कालीपापथ-१२ स्थित जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा राखियो ।

२.८ जुन १३, २०१२ मा रूपन्देही जिल्ला अदालतले उजुरीकर्तालाई बम आक्रमणको योजना गरेको दोषी ठहर गर्दै एक वर्षको जेल सजाय सुनायो ।अदालतले बम लगाउने कार्यमा उजुरीकर्ताको संलग्नताको कुनै प्रमाण फेला पारेन। उजुरीकर्तालाई यातना दिएर बनाइएको स्वीकारपत्रलाई अदालती सुनुवाइको क्रममा कानूनी प्रमाणको रूपमा स्वीकार गरियो र आफू यातनाको शिकार भएको भनेर निजले गरेको दावीमा सम्बन्धित सरकारी निकायहरूबाट कुनै अनुसन्धान अघि बढाइएन । तथापि, उजुरीकर्ताले पहिले नै एक वर्षभन्दा बढी समय हिरासतमा बिताइसकेकाले फैसलाको घोषणासँगै निजलाई तत्काल रिहा गरियो । रिहाई भएपछी, खराब स्वास्थ्य अवस्थाको कारण उजुरीकर्ता अस्पतालमा भर्ना भए। निजमाथि भएको यातनाले निजलाई ठूलो मानसिक र दीर्घकालीन शारीरिक हानि भयो । बिजुलीको हिटरमा पिसाब फेर्न बाध्य पार्दा विद्युतीय झटका लागेर उनी यौनरूपमा दुर्बल र बाँझो बन्न पुगे । आफूमाथि दिइएका यातनाका कारण कहिलेकाहीँ उनी बेहोस हुने गर्छन् । निजलाई सुत्न गाह्रो हुने गरेको छ, एक्कासी आत्तिने समस्या र डिप्रेसन भएको छ, र निरन्तर डरत्रासको अवस्थामा जिइरहेका छन् ।[2] निजको स्वास्थ्य अवस्थाले गर्दा निजलाई लामो समयसम्म चिकित्साउपचार आवश्यक पर्नेछ ।

२.९ अक्टोबर १६, २०१२ मा,तराई मानव अधिकार रक्षक सञ्जाल नामक गैरसरकारी संस्थाले उजुरीकर्ताको तर्फबाट यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धी संयुक्त राष्ट्र संघको विशेष प्रतिवेदकसमक्ष अत्यन्त जरुरी अपील पेश गर्‍यो। डिसेम्बर १२, २०१२ मा उजुरीकर्ताकी आमाले निज उजुरीकर्तालाई प्रहरीले यातना दिएको भन्दै निजको तर्फबाट रूपन्देही जिल्ला अदालतमा उजुरी दिइन् ।[3] सोही मितिमा अदालतका रजिष्ट्रारले यातनासम्बन्धी क्षतिपूर्ति ऐन १९९६ अन्तर्गतको ३५ दिनको कानूनी हदम्याद पार भएको भन्दै उजुरी दर्ता गर्न अस्वीकार गरे। उजुरीकर्ताले आफूलाई थुनामा राखिएको र कुनै पनि उजुरी दर्ता गर्न वा मेडिकल सर्टिफिकेट (घरेलु कानून अन्तर्गत आवश्यक अर्को शर्त) लिननपाएको हुनाले यातना दिएको मितिको ३५ दिनभित्र उजुरी दर्ता गर्न निजको लागि असम्भव थियो भन्ने कुरा उल्लेख गरे । रिहाइपछि अस्पताल भर्ना हुनुपरेको र पीडामा रहेको कारणले रिहाइ लगत्तैउजुरी दिन नसकेको पनि निजले उल्लेख गरे । अस्पतालबाट बाहिर आउन र उजुरी दर्ता गर्नका लागि डर हटाउन निजलाई महिनौं लाग्यो। यातना दिइएको वा रिहाइ गरिएको मितिले यातनाको दावी पेश गर्ने ३५ दिनको कानूनी हदम्याद कसुरको गम्भीरतासँग मेल नखाने पनि उनको तर्क छ ।[4]

२.१० जनवरी २४, २०१३ मा,उजुरीकर्ताले आफूलाई भएको क्षतिको क्षतिपूर्तिको मागदावी गर्दै र र आफ्नो मुद्दाको विशेष परिस्थितिलाई मध्यनजर गर्दै ३५ दिने हदम्याद लागू नगराउन अनुरोध गर्दै नेपालको सर्वोच्च अदालतमा उजुरी दायर गरे। हालको उजुरी पेश गर्दासम्मको

---

[1] The author refers to an unofficial translation of the Rupandehi District Court hearing on 8 May 2011, according to which he claimed during this court proceeding to have been subjected to torture.

[2] The author attaches a medical certificate from the Universal College of Medical Sciences, in which his state of anxiousness and his post-traumatic symptoms as described relate to the torture he was subjected to while he was in detention.

[3] Under the Compensation relating to Torture Act, 1996.

[4] The author refers to *Maharjan v. Nepal* (CCPR/C/105/D/1863/2009), para 7.6, and *Giri v. Nepal* (CCPR/C/101/D/1761/2008 and Corr.1), para. 6.3.

समयमा (फेब्रुअरी २०,२०१४), नेपालको सर्वोच्च अदालतले निजको उजुरीको बारेमा फैसला गरेको थिएन । यद्यपि, उजुरीकर्ताले नेपालमा उपलब्ध र प्रभावकारी सबै घरेलु उपचार सकिएका छन्, सर्वोच्च आदालतमा निजको उजुरी सफल हुने कुनै सम्भावना छैन, अदालतले कानूनी रुपमा ३५ दिने हदम्यादमा छुट दिएको कुनै नजीर छैन, न त लागू नहुने भनी घोषणा नै गरेको छ भन्ने उल्लेख गर्दै दावी पेश गरेका छन् । मे ८, २०११ मा पहिलोपटक निजलाई न्यायधीश समक्ष पेश गर्दा त्यहाँ निजले आफूलाई यातना दिइएको र यातना दिएर स्वीकार गर्न लगाएको हो भनी बताएको भन्ने निजको दावी छ ।यसका बाबजुद पनि उजुरीकर्ताले यस समितिमा उजुरी पेश गर्दासम्म सम्बन्धित निकायले कुनै पनि छानबिनको कार्यवाहीलाई अघि बढाएका छैनन्, र सम्बन्धित निकाय समक्ष अभियोगपेश गरेको चार वर्षसम्म पनि कुनै छानबिन हुन सकेको छैन । उजुरीकर्ताको अनुसार यसो भनेको कार्यवाहीको अनुचित ढिलाइ हुनु हो । फेब्रुअरी १३, २०१४ मा यातना दिइएको सम्बन्धमा अनुसन्धान गरी क्षतिपूर्ति दिलाइपाऊँ भनी राष्ट्रिय मानव अधिकार आयोग समक्ष औपचारिक अनुरोध पेश गरेको कुरा पनि निजले उल्लेख गरेका छन्। तर, निजले आयोग समक्ष पेश गरेको उजुरी ऐच्छिक आलेखको धारा ५(२)(ख) बमोजिमको न्यायिक उपचार लागि नभएको पेश गर्दछन्, किनभने आयोगले सिफारिस मात्र जारी गर्न सक्छ र ती सिफारिसहरू कार्यान्वयन गराउने अधिकारआयोगसँग हुँदैन भन्ने निजले उल्लेख गरेका छन् ।[5]

२.११ उजुरीकर्ताले समितिको विधिशास्त्रअनुसार निजले यातना सम्बन्धी विशेष प्रतिवेदक समक्ष अक्टोबर १६, २०१२ मा पेश गरेको जरुरी अपीलले ऐच्छिक आलेखको धारा ५(२)(क) बमोजिमको अन्तर्राष्ट्रिय अनुसन्धान वा समाधानको कार्यविधिलाई स्थापित गर्दैन भन्ने कुरा पनि पेश गर्दछन् ।[6]

## उजुरी

३.१ पक्षराष्ट्रले अनुबन्धको धारा ७ र १०(१) का साथै धारा २(३) अन्तर्गत र  धारा ९ (१)((३) र १४(२) का साथै (३) (ख) र (छ) अन्तर्गतको अधिकार उल्लङ्घन गरेको उजुरीकर्ताको दावी छ ।

३.२ उजुरीकर्तालाई यातना दिइएको, दुर्व्यवहार गरिएको र अमानवीय अवस्थामा थुनामा राखिएको र आरोपहरूको पक्ष राष्ट्रका निकायहरू आफैले, द्रूतगामी, प्रभावकारी, स्वतन्त्र, निष्पक्ष एवम् पूर्ण अनुसन्धान गरी जिम्मेवार व्यक्तिहरूलाई जवाफदेही बनाउन असफल रहेकोले पनि पक्ष राष्ट्रले अनुबन्धको धारा ७ र १०(१) का साथै धारा २(३) अन्तर्गत पाउने अधिकारको उल्लङ्घन गरेको निजले पेश गरेका छन् ।स्वेच्छाचारी ढङ्गले निजको स्वतन्त्रता हनन् गरिएको थियो र अप्रिल ७-१३, २०११ बिचमा निजलाई अज्ञात अवस्थामा नजरबन्दमा राखिएको थियो भन्ने निजको दावी छ । यस सम्बन्धमा, यातना विरुद्धको समितिले पहिले नै नेपालमा यातनाको प्रयोग व्यापक रूपमा हुने गरेको र त्यसमा पनि विशेष गरी सोधपुछको क्रममा र अज्ञात स्थितिको हिरासतको अवस्थामा हुने गरेको पत्ता लगाएको भन्ने कुरा उजुरीकर्ताले पेश गरेका छन् ।[7] निजले हिरासतमा रहँदा आफूलाई राज्यका अधिकारीहरूले अनुबन्धको धारा ७ अन्तर्गतको अधिकारको उल्लङ्घन हुनेगरी यातना दिएको, शारीरिक दुर्व्यवहार गरेको र यातना दिएर आतंकवादी हमलामा संलग्न भएको स्वीकार गर्न बाध्य बनाएको दावी गरेका छन् । लामो समयसम्म आँखामा पट्टी बाँधेर राखिएको, ५० घण्टाभन्दा बढी समयसम्म लगातार उभिन बाध्य बनाएको, तीन दिनसम्म खाना नदिएको र दुई दिनसम्म पिउने पानी नपाएको उनको दावी छ । राज्यका व्यक्तिहरूद्वारा दिइएको यातनाबाट गम्भीर चोटपटक लागेको भए तापनि निजलाई मेडिकल उपचार र सहायताबाट वञ्चित गरियो । निजलाई राखिएको

[5] The author refers to *Giri v. Nepal*, para 6.3.

[6] The author refers to *Aboufaied v. Libya* (CCPR/C/104/D/1782/2008), para. 6.2.

[7] "Report on Nepal adopted by the Committee against Torture under article 20 of the Convention and comments and observations by the State party" (A/67/44, Annex XIII).

कोठा फोहोर, क्षमताभन्दा बढी मानिस राखिएका र सरसफाइको खराब अवस्थामा थिए ।उजुरीकर्ताले आफूले भोग्नुपरेको यातना र निजलाई बन्दी बनाएर राखिएका अवस्थाहरूले अनुबन्धको धारा १०(१) अन्तर्गतपाउने अधिकारको उल्लङ्घनभएको दावी गर्छन्। पक्ष राष्ट्रले यातनासम्बन्धी निजको आरोपको पूर्ण, स्वतन्त्र, निष्पक्ष र शीघ्र अनुसन्धान गर्न असफल हुनु पनि अनुबन्धको धारा ७ र १०(१) का साथै धारा २(३) अन्तर्गत पाउने अधिकारको उल्लङ्घन भएको उजुरीकर्ताको जिकिर रहेको छ ।

३.३ निजलाई स्वेच्छाचारी ढंगले पक्राउ गरी थुनामा राखियो, पक्राउ पर्दा निजलाई पक्राउ गर्नुको कारणबारे जानकारी दिइएन र निजमाथि लागेको अभियोगबारे शीघ्र जानकारी दिइएन, यसले अनुबन्धको धारा ९(१)-(३) अन्तर्गत निजको अधिकारको हनन भएको छ भन्ने पनि उजुरीकर्ताको दावी छ । निजलाई पक्राउ पुर्जी विना नै हिंस्रक रूपमा पक्राउ गरिएको थियो र पक्राउ गर्नुको कारणबारे जानकारी दिइएको थिएन । निजलाई७-१३ अप्रिल २०११ सम्म बेपत्ता पारिएको थियो, यस अवधिमा उनकी आमाले उनी कहाँ र कुन अवस्थामा छन् भन्नेबारेमा कुनै जानकारी पाउन सकिनन्। जब उनी छोराको जानकारी सोध्न अधिकारीहरूसमक्ष पुगिन्, तिनीहरूले उजुरीकर्तालाई हिरासतमा लिइएको कुरा अस्वीकार गरे ।उजुरीकर्तालाई बाहिरी संसारसँग कुनै सम्पर्क हुन नदिई हिरासतमा राखिएको थियो र निजको स्वतन्त्रता हननको प्रारम्भिक चरणहरूमा वकिलसँग भेट गर्न दिइएन, न त मेडिकल सहायतासम्म निजकोपहुँच थियो। यस सन्दर्भमा, उजुरीकर्ताले व्यक्तिको स्वतन्त्रता र सुरक्षासम्बन्धी समितिको सामान्य टिप्पणी नम्बर ३५ (२०१४) उल्लेख गर्छन्, जसमा समितिले कानूनी परामर्शको समेत पहुँच नहुनेगरी व्यक्तिको स्वतन्त्रताको हनन हुनु स्वेच्छाचारी कार्य हो भनेर उल्लेख गरेको छ। यसबाहेक, निजलाई थुनामा राखिएको वा निजमाथि लगाइएको आरोपको वैधानिकतालाई जाँचबुझ गर्न न्यायाधीश समक्ष तुरुन्तै पेश नगरिएको पनि उजुरीकर्ताको दावी छ ।

३.४ उजुरीकर्ताले अनुबन्धको धारा १४(२) र (३)(ख) र (छ) अन्तर्गतको निजको अधिकारको उल्लङ्घन भएको दावी गर्छन् । निजले जबरजस्ती स्वीकारपत्रमा हस्ताक्षर गरेपछि सञ्चारमाध्यमले खुलारूपमा निजलाई गैरकानूनी सशस्त्र समूहको सदस्य भएको भन्दै उनको पक्राउसम्बन्धी लेख प्रकाशित गरे, जुन धारा १४(२) अन्तर्गत निर्दोष मानिने निजको अधिकारको उल्लङ्घन भएको जिकिर गरेका छन् । आफूलाई सम्पर्कबाट वञ्चित गरी बेपत्ता रूपमा हिरासतमा राखिएको, हिरासतको कानूनी वैधतालाई चुनौती दिनेअधिकारबाट वञ्चित गरिएको थियो, यस तथ्यले निर्दोष रहेको मान्यतालाई अवरोध पुऱ्याएको भन्ने पनि निजको दावी छ ।हिरासतमा राखेको पहिलो पाँच दिनसम्म कुनै कानूनी सहायता प्रदान नगरी निजलाई बारम्बार सोधपुछ गरिएको निजको दावी छ । यसबाहेक, आफू विरुद्धको प्रमाण यातना दिएर जुटाइएको निजको दावीको बाबजुद अदालतले त्यस्तो प्रमाण कसरी प्राप्त भएको हो भन्ने परिस्थितिलाई विचार नगरी जबरजस्ती हस्ताक्षर गराइएको स्वीकारपत्रलाई अदालतले वैध प्रमाणको रूपमा लियो ।

३.५ तसर्थ, उजुरीकर्ताले माथि उल्लिखित धाराहरूको उल्लङ्घनको अवस्था खोज्न समितिलाई अनुरोध गर्दछन् र पक्ष राष्ट्रलाई निजले भोग्नुपरेको भौतिक एवम् नैतिक क्षतिको लागि वृहत क्षतिपूर्ति, पुनर्स्थापना र सन्तुष्टि प्रदान गर्न अनुरोध गर्दछन् । विशेष गरी, निजले आफ्नो मर्यादाको पुनर्स्थापनाको अनुरोध गर्दछन्, जुन कुरापक्ष राष्ट्रबाट आधिकारिक माफीको सार्वजनिक घोषणा गरेर र निजको मानसिक पीडाको उपचारका लागि निःशुल्क मेडिकल तथा मनोवैज्ञानिक उपचार सेवा प्रदान गरेर हासिल गर्न सकिन्छ ।यसप्रकारको घटना पुनरावृत्ति नहुने प्रत्याभूतिको रूपमा, नेपालको कानून अन्तर्गत यातनाको अपराधको स्वायत्त परिभाषा अपनाउन, दुर्व्यवहार सम्बन्धी उजुरी पेश गर्ने सम्बन्धमा रहेको अनुचित ३५ दिने कानूनी हदम्याद हटाउन र नेपाली सुरक्षा बल एवम् न्यायपालिकाका सबै सदस्यहरूका लागि अन्तर्राष्ट्रिय मानव अधिकार कानूनसम्बन्धी शैक्षिक कार्यक्रमहरू स्थापना गर्न समेत उजुरीकर्ताले अनुरोध गरेको छन् ।

**उजुरीको ग्राह्यता र प्रस्तुत तथ्यप्रमाणको सम्बन्धमा पक्ष राष्ट्रको धारणा**

४.१ फेब्रुअरी १०, २०१३ को कुटनीतिक पत्रमार्फत पक्ष राष्ट्रले उजुरीको ग्राह्यताको सम्बन्धमा आफ्नो धारणा पेश गर्‍यो ।पक्ष राष्ट्रले घरेलु उपचारको उपभोग समाप्त नभएको दावी गरेको छ । घरेलु कानून अन्तर्गत,[8]कुनै पनि संदिग्ध व्यक्तिले हिरासतमा राखेर अनुसन्धान गर्ने अनुमतिका लागि अदालतमा सुनुवाइ हुनुभन्दा अघि मेडिकल जाँचको लागि अनुरोध गर्न सक्नेछ, र निज उजुरीकर्ताले त्यसो नगरेको उजुरीबाट देखिन्छ भन्ने कुरा पक्ष राष्ट्रले उल्लेख गरेको छ । उजुरीकर्ताको लागि त्यो उपचार उपलब्ध थियो, जुन उपभोग भएको छैन । यसका साथै नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरेको हो वा होइन भन्ने कुरा उजुरीकर्ताले उपलब्ध गराएको जानकारीबाट स्पष्ट नभएको पक्ष राष्ट्रले जनाएको छ, जुन जिल्ला अदालतमा, पुनरावेदन अदालतमा वा सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत दायर गर्न सकिन्छ ।यदि थुनामा रहँदा आफूलाई दुर्व्यवहार गरिएको वा यातना दिएको महसुस भएको थियो भने उजुरीकर्ताले रिहा भएको ३५ दिनभित्र रूपन्देही जिल्ला अदालतमा क्षतिपूर्तिको लागि दावी गर्न सक्थे भन्ने पक्ष राष्ट्रको जिकिर रहेको छ । उजुरीकर्ताले जनवरी २४, २०१३ मा सर्वोच्च अदालतमा दायर गरेको निवेदनको सम्बन्धमा अदालतले अहिलेसम्म मुद्दाको फैसला नगरेकोले यस चरणमा टिप्पणी गर्न नसक्नेपक्ष राष्ट्रको जिकिर रहेको छ ।

४.२ प्रस्तुत गरिएको तथ्यप्रमाणको सम्बन्धमा, पक्ष राष्ट्रले मुख्यगरी उजुरीकर्ताको बयानको ग्राह्यतालाई चुनौती दिएको छ ।यस सम्बन्धमा, पक्ष राष्ट्रले उजुरीकर्ताको आरोप तथ्य र वास्तविकतामा आधारित नभएको दावी गर्दछ । उजुरीकर्ता मार्च २७, २०११ को बुटवल विस्फोटमा निजको संलग्नताको लागि दोषी ठहरिएको हुन्, र निजले गरेको अपराधको लागि नियमित सजाय काटेको छन् भन्ने पक्ष राष्ट्रको जिकिर छ । उजुरीकर्ता हिरासतमा हुँदा कुनै पनि तरिकाले यातना दिइएको थिएन, र अनुबन्धको धारा ७को पूर्ण पालना गरिएको थियो भन्ने कुरा पनि पक्ष राष्ट्रले पेश गरेको छ । फौजदारी न्यायको सिलसिलामा गरिएका कानूनी सजाय वा उपायहरूबाट निम्तने पीडा वा कठिनाइलाई यातनाको रूपमा मान्न नहुने पक्ष राष्ट्रको तर्क छ।

४.३ नेपालको अन्तरिम संविधानले मौलिक स्वतन्त्रताको प्रत्याभूति गरेको र अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी लिखतहरूको मर्मलाई सम्मान गर्न स्पष्ट रूपमा प्रतिबद्ध रहेको पक्ष राष्ट्रले प्रस्तुत गरेको छ । त्यस सम्बन्धमा, पक्ष राष्ट्रले उजुरीकर्ताका आरोपहरूलाई अस्वीकार गर्न नेपालको अन्तरिम संविधानका[9] धेरै व्यवस्थाहरूलाई सन्दर्भको रूपमा उल्लेख गरेको छ । नेपालको संविधानले पर्याप्त प्रत्याभूतिसहित गैरन्यायिक नजरबन्द वा मुद्दा चलाउने, प्रमाण जुटाउन यातनाको प्रयोग गर्ने वा कानूनी प्रतिनिधित्वको मौका नदिइकनै व्यक्तिहरूलाई दोषी ठहराउने कुरालाई निषेध गरेको पक्ष राष्ट्रले पेश गरेको छ ।

४.४ यातना जस्ता गैरकानूनी रूपमा प्राप्त प्रमाणहरू पक्ष राष्ट्रको कानूनको अदालतमा स्वीकार्य प्रमाण होइनन् भन्ने पक्ष राष्ट्रको जिकिर छ ।[10] यस सन्दर्भमा प्रहरीबाट निष्पक्ष र स्वतन्त्र भएर वकिल समक्ष बयान लिइएको हुँदा यातना दिएर स्वीकार गरेको भन्ने उजुरीकर्ताको आरोप निराधार र भावनात्मक छ । उजुरीकर्ताले अदालतको कार्यवाहीको क्रममा यातनाको आरोपलाई उठाएको छैन भन्ने पक्ष राष्ट्रको दावी छ । सरकारी मुद्दासम्बन्धी ऐन, १९९२ बमोजिम प्रहरी कर्मचारीले अपराधको अनुसन्धान गर्दा अपराधमा

[8] State Cases Act, 1992.
[9] Interim Constitution of Nepal, 2063 (2007), arts.12 (1), 13(2), 24 and 100.
[10] Under section 9 (2) (a) (ii) of the Evidence Act, 1974.

संलग्न रहेको विश्वास गर्ने उचित आधार भएमा शंकास्पद व्यक्तिलाई पक्राउ गर्न सक्नेछ र यस ऐनको दफा १४ अन्तर्गत उजुरीकर्तालाई पक्राउ गरिएको थियो भन्ने पक्ष राष्ट्रको दावी रहेको छ ।

४.५ उजुरीकर्ताले जुन १३, २०१२ को रूपन्देही जिल्ला अदालतको फैसलालाई पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्न सक्षम भएको पक्ष राष्ट्रको जिकिर छ। तर, पुनरावेदन अपील खारेज भयो र पुनरावेदन अदालतले जिल्ला अदालतको फैसलालाई सदर गऱ्यो । स्वतन्त्र र निष्पक्ष न्यायपालिकाले घरेलु कार्यवाहीका क्रममा उचित प्रक्रियाको सम्मान गरेको पक्ष राष्ट्रको तर्क छ।

४.६ तराई क्षेत्रमा यातना आम रुपमा रहेको र व्यापक हुने गरेको आरोप पक्षपाती भएको र यथार्थ आधार नभएको पनि पक्ष राष्ट्रको दावी छ । यस सन्दर्भमा, अन्तर्राष्ट्रिय दायित्वहरूको पालनाका कार्यमा सुधार गर्दै यातनालाई पूर्ण रूपमा अपराधीकरण गर्ने र पीडितहरूलाई क्षतिपूर्ति दिने विधेयक संघीय संसदमा विचाराधीन रहेको पक्ष राष्ट्रले उल्लेख गरेको छ ।

**ग्राह्यता तथा तथ्यप्रमाणको सम्बन्धमा पक्ष राष्ट्रको धारणा उपर उजुरीकर्ताको प्रतिक्रिया**

५.१ मार्च ३१, २०१५ मा उजुरीकर्ताले पक्ष राष्ट्रको फेब्रुअरी ६, २०१५ मितिको धारणा उपर आफ्नो टिप्पणीहरू पेश गरे ।

५.५ उजुरीकर्ताले निजको बयानको विश्वसनीयतामा पक्ष राष्ट्रको तर्कको जवाफमा पक्ष राष्ट्रले निजको आरोप सही छैन भनेर देखाउने कुनै पनि प्रमाण प्रस्तुत गरेको छैन भन्ने कुरा पेश गरेका छन् । निजले प्रस्तुत गरेको यातनाको आरोप पक्ष राष्ट्रका अधिकारीहरूले हिरासतमा राख्दा घटेका घटनाहरूसँग सम्बन्धित रहेको उजुरीकर्ताको जिकिर छ । तसर्थ समितिको विधिशास्त्र अनुसार,[11] यातनाको आरोपको खण्डन गर्ने प्रमाण पेश गर्नु पक्ष राष्ट्रको दायित्व हो भनेर उजुरीकर्ताले उल्लेख गरेका छन् ।

५.३ उजुरीकर्ताले अनुबन्धको धारा ९(१)-(३), १०(१) र १४(२) र (३)(ख) र (छ) अन्तर्गत आफ्नो दावी दोहोऱ्याउँछन् । यी धाराअन्तर्गतका आफ्ना दावीहरूलाई पक्ष राष्ट्रले आफ्ना धारणामा खण्डन गरेको छैन र पक्ष राष्ट्रले निजको दावीहरूलाई कमजोर रहेको देखाउने कुनै अर्थपूर्ण तत्व प्रदान गरेको छैन भन्ने उजुरीकर्ताको तर्क रहेको छ ।

५.४ निजलाई हिरासतमा राखेर यातना दिइयो भन्ने कुरामा पक्ष राष्ट्रले गरेको अस्वीकारलाई पनि उजुरीकर्ताले उल्लेख गरेका छन् । निजलाई यातना दिइएको भन्ने आरोपलाई खण्डन गर्ने प्रमाण पेश गर्नु र निजलाई चोटपटक कसरी लाग्यो भन्ने कुरामा विश्वसनीय स्पष्टीकरण प्रदान गर्नु पक्ष राष्ट्रको दायित्व भएको, तर त्यसो गर्न पक्ष राष्ट्रअसफल भएको निजको दावी छ । साथै, पक्ष राष्ट्रका अधिकारीहरूले निजले पेश गरेको यातनाको आरोपलाई छिटो र पर्याप्त रूपमा सम्बोधन गरेको भन्ने देखाउन पक्ष राष्ट्र असफल भएको उजुरीकर्ताको जिकिर छ।[12] निजले अदालतको कार्यवाहीमा यातनाको विषयलाई उल्लेख नगरेको भन्ने पक्ष राष्ट्रको दलिलपनि उल्लेख गर्दछन् र आफूलाई पहिलो पटक न्यायाधीश समक्ष पेश गर्दा (८ मे २०११ मा रूपन्देही जिल्ला अदालतसमक्ष) यातना दिइएको दावी

[11] The author refers to *Giri v. Nepal*, para. 7.4.

[12] The author refers to *Giri v. Nepal*, paras. 7.2 and 7.6, as well as to*Khoroshenko v. Russian Federation* (CCPR/C/101/D/1304/2004), paras. 9.4 and 9.5.

गरेको कुरा स्मरण गर्दछन् ।[13]त्यसबेला कुनै पनि वकिलले उनको प्रतिनिधित्व गरेका थिएनन् र मेडिकल परीक्षणको व्यवस्था गराइ पाऊँ भनी अदालतसमक्ष औपचारिक रूपमा अनुरोध गर्न सकिन्छ भन्ने आफूलाई थाहा नभएको निजको भनाइ छ, तर उनले त्यहाँ आफूलाई यातना दिइएको आरोपको उजुरी गरेका थिए र न्यायाधीश आफैले परीक्षणको आदेश दिनुपर्थ्यो भन्ने निजको जिकिर छ । तसर्थ, पक्ष राष्ट्रका अधिकारीहरूले यातना दिइएको भन्ने निजको आरोपको मेडिकल जाँच गर्न र गहन अनुसन्धान गर्न आदेश दिन असफल भएको उजुरीकर्ताको आरोप छ ।

५.५पक्ष राष्ट्रले आफ्नो धारणा सम्बन्धी पत्र पठाएपछि निजले भोगेको पीडाको इन्कारले न्याय प्राप्त गर्ने निजको आशा निराशामा बदलिँदा निजको खराब स्वास्थ्य झन खराब हुन पुगेको कुरा उजुरीकर्ताले उल्लेख गरेका छन् । तसर्थ, निजले आफ्नो प्रारम्भिक उजुरीमा पेश गरेको अनुरोधलाई पुन दोहोऱ्याउँदैपक्ष राष्ट्रबाट निःशुल्क मेडिकल तथा मनोवैज्ञानिक उपचार तुरुन्तै पाउनुपर्ने जिकिर गरेका छन् ।

५.६ पक्ष राष्ट्रले आफ्नो धारणापत्रमा घरेलु उपचारको उपयोग गर्न निजले यातनासम्बन्धी क्षतिपूर्ति ऐन अन्तर्गत रूपन्देही जिल्ला अदालतमा उजुरी दिनुपर्थ्यो भनेर जिकिर गरेको कुरालाई उजुरीकर्ताले उल्लेख गरेका छन् । उजुरीकर्ताले निजकी आमाले डिसेम्बर १२, २०१२ मा यसप्रकारको उजुरी दिएको कुरा पेश गर्दछन् । तर ३५ दिनको हदम्याद सकिएकोले यो उजुरी दर्ता भएन । उजुरीकर्ताले आफू अस्पतालमा भर्ना भएको र पीडामा रहेको कारणले म्याद सकिनुभन्दा अघि नै उजुरी दर्ता गर्न नसकेको कुरा दोहोऱ्याउँछन् ।यसका अतिरिक्त, उजुरीकर्ताले समितिको विधिशास्त्रलाई[14] उल्लेख गर्दै ऐनमा प्रदान गरिएको निश्चित हदम्याद अपराधको गम्भीरतासँग स्पष्ट रूपमा अमिल्दो रहेको र ऐच्छिक आलेखको धारा ५(२)(ख) बमोजिम यसलाई प्रभावकारी उपायका रूपमा मान्न नसकिने जिकिर गर्छन् ।

५.७ यसबाहेक, तराई क्षेत्रमा यातना व्यापक र प्रणालीगत छ भन्ने निजको दावी आफ्नै अनुमानमा नभई अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रको खोजनिष्कर्ष[15] र गैरसरकारी संस्थाहरूको प्रतिवेदनमा आधारित रहेको उजुरीकर्ताको जिकिर छ।[16] विशेष गरी, मानवअधिकार समितिले नेपालको सम्बन्धमा सन् २०१४ को आफ्नो निष्कर्ष धारणामा[17] तराई क्षेत्रमा गैरकानूनी हत्या, हिरासतमा मृत्यु, र धेरै प्रहरी हिरासतमा यातना र दुर्व्यवहारको व्यापक प्रयोगको आधिकारिक पुष्टिप्रति आफ्नो चिन्ता व्यक्त गरेको थियो( सीसीपीआर/सी/नेपाल/सीओ/२, अनुच्छेद १०)।

**पक्ष राष्ट्रको थप धारणाहरू**

६.१ सेप्टेम्बर ४, २०१५ मापक्ष राष्ट्रले उजुरीको ग्राह्यता तथा तथ्यप्रमाणको सम्बन्धमा थप धारणाहरू पेश गऱ्यो । पक्ष राष्ट्रले घरेलु उपचारको उपयोग समाप्त भइनसकेको बारेमा आफ्नो तर्क दोहोऱ्याउँदै उजुरीकर्ताले जुन १३, २०१२ को रूपन्देही जिल्ला अदालतको फैसलालाई पुनरावेदन गरेर घरेलु उपचारको उपयोग गर्न असफल भएको उल्लेख गर्दछ।

---

[13] Inhis initial communication, the author attached as an annex an unofficial translation of the transcript of the Rupandehi District Court hearing on 8 May 2011,according to which he claimed that he had been tortured and forced to sign a confession.

[14] *Maharajan v. Nepal*, para.7.6.

[15] “Report on Nepal adopted by the Committee against Torture under article 20 of the Convention and comments and observations by the State party” (A/67/44, Annex XIII).

[16] Terai Human Rights Defenders Alliance, *Arbitrary Detention and Torture in the Terai* (2013)can be found online at http://www.thrda.org/issues/.

[17] Concluding observations on the second periodic report of Nepal (CCPR/C/NPL/CO/2), para. 10.

६.२यातनाको आरोपसम्बन्धी मुद्दामा मेडिकल परीक्षणको आदेश दिनु अदालतको कानूनी दायित्व रहेको पक्ष राष्ट्रको जिकिर छ, र स्वतन्त्र जिल्ला अदालतले राष्ट्रिय कानूनले प्रत्याभूति गरेको उचित प्रक्रियालाई पालना नगरेको भनेर मान्न नसकिने तर्क गरेको छ । उजुरीकर्ताको उजुरी दर्ता गर्न जिल्ला अदालतका रजिष्ट्रारले अस्वीकार गर्नु स्थानिय कानून बमोजिम ३५ दिनको हदम्यादमा आधारित रहेको कुरा पनि पक्ष राष्ट्रले पेश गर्दछ । यी कारणहरूले गर्दा, स्वेच्छाचारी गिरफ्तारी र त्यसपछिका यातनाको बारेमा उजुरीकर्ताको दलिललाई तथ्यप्रमाणहरूले समर्थन गर्दैन भन्नेपक्ष राष्ट्रको विश्वास रहेको छ। यसका साथै उजुरीकर्ताले सर्वोच्च अदालतमा दायर गरेको परमादेशको रिट पनि विचाराधीन छ ।

६.३ पक्ष राष्ट्रले आफ्ना नागरिकहरूलाई निष्पक्ष र स्वतन्त्र अनुसन्धान तथा मुद्दामामिला संयन्त्र उपलब्ध गराउने कुरा दोहोऱ्याउँछ। तसर्थ, उजुरीकर्ताको गिरफ्तारी स्वेच्छाचारी थियो भन्ने कुरालाई अस्वीकार गर्दै निजलाई स्थानिय कानून बमोजिम पक्राउ गरी अनुसन्धान र मुद्दा चलाइएको थियोभन्ने पक्ष राष्ट्रको भनाइ छ । पक्ष राष्ट्रको सार्वभौमसत्ता भनेको कुनै पनि निकायको हस्तक्षेप बिना यसको आफ्नै आन्तरिक मामिलामा शासन गर्ने क्षमता हो, राज्य भन्दा माथि कुनै अख्तियारप्राप्त निकाय छैनभन्ने पक्ष राष्ट्र उल्लेख गर्दछ ।

६.४ नेपालको अन्तरिम संविधानले जनताको उचित प्रक्रियासम्बन्धी अधिकार प्रत्याभूत गरेकोले उजुरीकर्तालाई पक्राउ गर्नुको कारणबारे जानकारी नदिइएको दावी गर्नु गलत भएको पनि पक्ष राष्ट्रको जिकिर छ । साथै, उजुरीकर्ताको यातनाको आरोपलाई पुष्टि गर्न प्रस्तुत गरिएका तर्कहरू तथ्यमा आधारित नभएको पनि यसको आरोप छ । यस सम्बन्धमा, नेपालको अन्तरिम संविधानको धारा १०० ले न्यायको निष्पक्षताको प्रत्याभूति गर्दछ, जसले विभिन्न अवस्थाहरूमा आफ्ना नागरिकको मौलिक अधिकारको रक्षा गर्न हस्तक्षेप गरेको छ ।

६.५ हिरासतमा हुने जो कोहीले पनि, चाहे थुनामा होस् वा अन्तिम फैसलापछि सजाय भुक्तान गरिरहेको होस्, निजले मेडिकल परीक्षणको लागि अनुरोध गर्न सक्ने पक्ष राष्ट्रको जिकिर छ । यस सम्बन्धमा, महान्यायाधिवक्ताले प्रत्येक व्यक्तिलाई मानवीय व्यवहार गरिएको छ र परिवारसँग भेटघाट गर्न, कानूनी परामर्श लिन र मेडिकल परीक्षण गराउन पाएको छ भन्ने सुनिश्चित गर्दछन् । उजुरीकर्ताले महान्यायाधिवक्ता कार्यालयमा उजुरी गर्न सक्ने थिए भन्ने कुरा पक्ष राष्ट्रले पेश गरेको छ ।

६.६ जुनकुनै व्यक्तिलाई न्यायाधीश समक्ष पेश गर्दा निजलाई अनुसन्धानका क्रममा यातना दिइएको वा नदिइएको भनेर सोधिने प्रचलन नेपालमा रहेको पक्ष राष्ट्रको दावी छ । प्रस्तुत मुद्दामा उजुरीकर्ताले आफूमाथि यातना दिएको आरोपबारे रूपन्देही जिल्ला अदालतलाई जानकारी गराएको दावी असत्य र मनगढन्ते भएको पक्ष राष्ट्रले दावी गरेको छ ।

## समिति समक्ष विचाराधीन प्रश्न र कार्यविधि

*उजुरीको ग्राह्यताका सम्बन्धमा*

७.१ उजुरीमा रहेको कुनै पनि दावीको सम्बन्धमा विचार गर्नुअघि मानवअधिकार समितिले आफ्नो कार्यविधिको नियम ९३ अनुसार उक्त मुद्दा अनुबन्धको ऐच्छिक आलेख अन्तर्गत ग्राह्य छ कि छैन भन्ने निर्णय गर्नुपर्छ ।

७.२ ऐच्छिक आलेखको धारा ५(२)(क) बमोजिम सोही विषयलाई अन्तर्राष्ट्रिय छानबिन वा समाधानको अर्को प्रक्रिया अन्तर्गत जाँच नगरिएको समितिले सुनिश्चित गरेको छ ।

७.३ अनुबन्धको धारा १४(२) को प्रावधानको सन्दर्भमा, समितिको भनाइअनुसार उजुरीकर्ताले जबरजस्ती स्वीकारपत्रमा हस्ताक्षर गरेपछि लगत्तै अप्रिल १३ र १४, २०११ मा स्थानिय

पत्रपत्रिकामा प्रकाशित भएका दुईवटा लेखका अंशहरू पेश गरे जसले निजलाई खुला रूपमा गैरकानूनी सशस्त्र समूहको सदस्य भएको उल्लेख गरेको थियो, र जसले आफूलाई निर्दोष मान्ने निजको अधिकार उल्लङ्घन भएको जिकिर थियो । यसमा उपलब्ध रहेको सामग्रीको आधारमा, उजुरीकर्ताले यो गुनासोलाई स्थानिय स्तरमा उठाएका छैनन्, र उजुरीकर्ताहरूले उल्लङ्घनभएको भनी दावी गरिएका अनुबन्धका खास प्रावधानहरू उल्लेख गर्नुपर्ने नभए पनि उनीहरूले पछि समितिमा प्रस्तुत गर्ने आधारहरूलाई सत्यतथ्य देखाउने शब्दहरूमा उल्लेख गरी स्थानिय अदालतहरूमा पेश गर्नुपर्ने हुन्छ भन्ने समितिको उल्ललेख गरेको छ।[18] उजुरीकर्तालले धारा १४(२) अन्तर्गतको आफ्नो अधिकार सम्बन्धी गुनासोलाई स्थानिय अदालत समक्ष पेश गर्न असफल भएको हुनाले उजुरीको यो अंश ऐच्छिक आलेखको धारा ५(२)(ख) बमोजिम ग्राह्य नभएको समितिले ठहर गरेको छ ।

७.४ उजुरीकर्ताका बाँकी दावीहरूको सम्बन्धमा स्थानिय उपचार सकिएको भन्ने कुरामा, उजुरीकर्ताको तर्फबाट उनकी आमाले रूपन्देही जिल्ला अदालतका रजिष्ट्रारसमक्ष डिसेम्बर १२, २०१२ दायर गरेको यातनाको आरोपसम्बन्धी उजुरी यातनासम्बन्धी क्षतिपूर्ति ऐनमा प्रस्तुत ३५ दिनको कानूनी हदम्यादको पालना नगरेको भन्दै दर्ता गरिएको थिएनभन्ने कुरा समितिले टिपोट गरेको छ । आफूलाई हिरासतमा राखिएको र उजुरी दर्ता गर्न नपाएकोले यातना दिएको मितिले ३५ दिनभित्र उजुरी दर्ता गर्न नसकिएको उजुरीकर्ताको तर्क पनि समितिले उल्लेख गरेको छ ।निजले पेश गरेको दावीमा रिहा भए लगत्तै आफू कयौं महिनासम्म अस्पतालमा भर्ना हुनुपरेकोले ३५ दिनको समय सीमा भित्र उजुरी दर्ता गर्न नसकिएको कुरालाई पनि समितिले टिपोट गरेको छ । यातनाको घटनाबाट वा रिहा भएको मितिबाट यातनासम्बन्धी क्षतिपूर्ति ऐनअन्तर्गत दावी प्रस्तुत गर्ने कुरामा ३५ दिनको कानूनी हदम्याद आफैंमा अपराधको गम्भीरतासँग स्पष्ट रूपमा अमिल्दो भएकाले,[19]यो उपचार उजुरीकर्ताका लागि उपलब्ध नभएको पनि समितिको ठहर छ ।[20]

७.५ उजुरीकर्ताले पेश गरेको उजुरीले ऐच्छिक आलेखको धारा ५(२)(ख) को मापदण्डहरू पूरा गर्दैन, किनभने उजुरीकर्ताले निजलाई हिरासतमा राखेको विषय हेरिरहेको जिल्ला अदालत समक्ष सरकारी मुद्दासम्बन्धी कानून बमोजिम मेडिकल परीक्षणको औपचारिक अनुरोध गरेका थिएनन् भन्ने पक्ष राष्ट्रको तर्कलाई पनि समितिले टिपोट गरेको छ ।त्यस सम्बन्धमा, मे २०११ मा रूपन्देही जिल्ला अदालतमा पहिलो सुनुवाइको क्रममा निजले आफूलाई दुर्व्यवहार गरेको र निजको स्वीकारपत्र यातना दिएर लिइएको हो भनी उजुरीकर्ताले पेश गरेको दावीलाई समितिले टिपोट गरेको छ । उजुरीकर्ताको भनाइको यस अंशलाई पक्ष राष्ट्रले चुनौती दिए पनि उजुरीकर्ताबाट उपलब्ध गराइएको अदालतको सुनुवाइको अनौपचारिक अनुवादबाट यो आरोप पुष्टि भएको छ, जसलाई पक्ष राष्ट्रले तयार गरेको कुनै आधिकारिक अनुवादले खण्डन गरेको छैन भन्ने समितिको ठहर छ ।उजुरीकर्ताले यस समयमा निजलाई कुनै वकिलले प्रतिनिधित्व नगरेको र आफूले औपचारिक रूपमा अदालतलाई मेडिकल जाँचको व्यवस्था गराइपाऊँ भनी अनुरोध गर्न सक्ने भन्ने कुरामा अनजान रहेको भनी बताएको कुरालाई पनि समितिले टिपोट गर्दछ, र साथै उजुरीकर्ताले आफूले यातनाको आरोप प्रस्तुत गर्ने बित्तिकै न्यायधीश आफैले त्यस्तो परीक्षणको आदेश दिनुपर्ने थियो भनी गरेको तर्कलाई समितिले टिपोट गरेको छ ।

---

[18] *Pisconieri v. Spain* (CCPR/C/78/D/956/2000), para. 6.5.

[19] General comment No. 31 (2004) on the nature of the general legal obligation imposed on States parties to the Covenant, para. 18.

[20] *Maharajan v. Nepal*, para. 7.6.

७.६ उजुरीकर्ताले बन्दी प्रत्यक्षीकरण रिटको लागि कुनै निवेदन दायर नगरेको कारण र उजुरीकर्ताले दायर गरेको परमादेशको रिटको निवेदन सर्वोच्च अदालतमा अझै पनि विचाराधीन रहेकोले निजले स्थानिय उपचारहरू उपयोग गर्न असफल भएको भन्ने पक्ष राष्ट्रको तर्कलाई पनि समितिले टिपोट गरेको छ । यस सम्बन्धमा, उपचारहरूलाई उजुरीकर्ताको मुद्दाको परिस्थितिसँग नजोडी र यी परिस्थितिहरूमा कसरी प्रभावकारी समाधान प्रदान गर्न सकिन्थ्यो भन्ने कुरा नदेखाई पक्ष राष्ट्रले केवल नेपालको अन्तरिम संविधान बमोजिम उजुरीकर्ताको यातनाको आरोप सम्बन्धमा उपचारको अस्तित्वलाई सारमा मात्र सूचीबद्ध गरेको समितिको ठहरछ।[21]त्यसैगरी,पक्ष राष्ट्रले उजुरीकर्ताबाट त्यस्तो पुनरावेदन दायर नगरिएको दावी गर्नुभन्दा अघिको जवाफमा उजुरीकर्ताले पुनरावेदन अदालतमा पुनरावेदन दायर गरेका थिए भनेको थियो, यसरी पक्ष राष्ट्रबाट आएको विरोधाभासी कुरालाई समितिले टिपोट गरेको छ ।यस सन्दर्भमा, उपचारको प्रभावकारिता कथित उल्लङ्घनको प्रकृति र खास गम्भीरतामा निर्भर गर्दछ भन्ने समितिको निष्कर्ष छ ।[22]

७.७ ऐच्छिक आलेखको धारा ५(२)(ख) को प्रयोजनका लागि स्थानिय उपचार प्रभावकारी एवम् उपलब्ध हुनुपर्छ र अनावश्यक रूपमा लामो समयसम्म लम्ब्याउनु हुँदैन भनी समिति स्मरण गर्दछ ।[23] प्रस्तुत मुद्दामा, मे २०११ मा पहिलोपटक यातनाको आरोपमा ध्यानाकर्षण गराइएपछी पक्ष राष्ट्रले उजुरीकर्ताको यातनाको आरोपको सम्बन्धमा पक्ष राष्ट्रबाट अनुसन्धान थालिएको छ भन्ने जनाउने कुनै जानकारी उपलब्ध गराएको छैन । यो भनेको अनुचित रूपमा लामो ढिलाइ हो भन्ने समितिको निष्कर्ष छ । तसर्थ, ऐच्छिक आलेखको धारा ५(२)(ख) ले अनुबन्धको धारा ७ र १०(१) का साथै धारा २(३) र धारा ९(१)-(३) र १४(३)(ख) र (छ) अन्तर्गतका दावीहरूको जाँच गर्नबाट रोकेको छैन भन्ने समितिको निष्कर्ष छ।

७.८ यस उजुरीको ग्राह्यतामा अन्य कुनै पनि चुनौतीहरू नभएको अवस्थामा समितिले यस उजुरीलाई ग्राह्य रहेको घोषणा गर्दछ, किनभने यो अनुबन्धको धारा ७ र १०(१) का साथै धारा २(३) र धारा ९(१)-(३) र १४(३)(ख) र (छ) अन्तर्गत उजुरीकर्ता दावीहरूसँग सम्बन्धित छ ।

*तथ्यप्रमाणको विचारका सम्बन्धमा*

८.१ समितिले ऐच्छिक आलेखको धारा ५(१) बमोजिम पक्षहरूले आफूलाई उपलब्ध गराएको सबै जानकारीका आधारमा उजुरीलाई विचार गरेको छ ।

८.२ उजुरीकर्ता हिरासतमा रहँदा, अपराध अनुसन्धानमा निजको अपराध स्वीकार गराउन प्रहरीले यातना दिएको र दुर्व्यवहार गरेको थियो भन्ने उजुरीकर्ताको आरोपलाई समितिले टिपोट गरेको छ । त्यस सम्बन्धमा, उजुरीकर्ताले पेश गरे अनुसार तराईमा व्यापक यातनाको अभ्यासलाई उजागर गर्ने अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रका विभिन्न खोज निष्कर्षहरू र गैरसरकारी संस्थाका प्रतिवेदनलाई समितिले टिपोट गरेको छ।[24] आफूलाई यातना दिइएको कुरालाई रूपन्देही जिल्ला अदालतमा दुई पटक रिपोर्ट गरेको भन्ने उजुरीकर्ताको दावीलाई पनि समितिले टिपोट गरेको छ । पहिलो पटक मे ८, २०११ मा उजुरीकर्ता आफैले रिपोर्ट गरे र त्यसपछि डिसेम्बर १२, २०१२ मा उजुरीकर्ताकी आमालेनिजको तर्फबाट अदालत

[21] Ibid., para. 7.4.

[22] *Vicente et al. v. Columbia* (CCPR/C/60/D/612/1995), para. 5.2.

[23] *Marcellana and Gumanoy v. Philippines* (CCPR/C/94/D/1560/2007), para.6.2, and *Giri v. Nepal*, para. 6.3.

[24] See the following similar cases before the Committee:*Giri v. Nepal*, *Maharajan v. Nepal* and *Katwal v. Nepal* (CCPR/C/113/D/2000/2010).

रजिस्ट्रारमा उजुरी दायर गरिन् । डिसेम्बर १२, २०१२ मा उजुरीकर्ताकी आमालेजिल्ला अदालतमा यातनाको आरोपको रिपोर्ट गरेको तथ्यलाई पक्ष राष्ट्रले चुनौती नगरेको तथ्यलाई समितिले विचार गरेको छ ।

८.३ अनुबन्धको धारा ७ ले सार्वजनिक सङ्कटकालको अवस्थामा[25] पनि कुनै सीमिततालाई अनुमति दिँदैन र धारा ७ विपरीत हुनेगरी दुर्व्यवहारको उजुरी परेमा पक्ष राष्ट्रले त्यसको तुरुन्त र निष्पक्ष छानबिन गर्नुपर्छ भनी समितिले स्मरण गर्दछ । प्रमाणको भार उजुरी गर्ने उजुरीकर्तामा मात्र रहन सक्दैन, विशेष गरी उजुरीकर्ता र पक्ष राष्ट्रको सधैं प्रमाणमा समान पहुँच हुँदैन र प्रायः पक्ष राष्ट्रले मात्र सान्दर्भिक जानकारीमा पहुँच राख्छ भन्ने कुरालाई विचार गर्दै समितिले आफ्नो अडान दोहोऱ्याउँछ ।[26]यदि आरोपहरू उजुरीकर्ताद्वारा पेश गरिएका विश्वासनीय प्रमाणहरूद्वारा पुष्टि हुन्छन् र जहाँ थप स्पष्टीकरण पक्ष राष्ट्रको हातमा रहेको जानकारीमा निर्भर हुन्छ भने,पक्ष राष्ट्रले जे जस्तो कुरा प्रस्तुत गरे पनि त्यसको विपरीत सन्तोषजनक प्रमाण वा स्पष्टीकरण नहुँदाको अवस्थामा उजुरीकर्ताको आरोपलाई पुष्टि गर्ने कुरामा समितिले विचार गर्न सक्छ। पक्ष राष्ट्रबाट कुनै पनि ठोस स्पष्टीकरणको अभावमा उजुरीकर्ताको आरोपलाई उचित भार दिनु पर्ने समितिले स्मरण गर्दछ।[27]

८.४ फाइलमा रहेका सामग्रीका अनुसार उजुरीकर्ताले पहिलो पटक यातना दिएको आरोप लगाएको वर्षौं बितिसक्दा पनि पक्ष राष्ट्रका अधिकारीले छानबिन गर्न नसकेको समितिको ठहर छ । वर्तमान मुद्दाको परिस्थितिमा उजुरीकर्ताले पेश गरेको यातनाको आरोपलाई आफ्ना अधिकारीहरूले छिटो र पर्याप्त रूपमा सम्बोधन गरेको देखाउनपक्ष राष्ट्र असफल भएको समितिको विचार रहेको छ ।[28] उजुरीकर्ताले राष्ट्रिय मानवअधिकार आयोग, जिल्ला अदालत र सर्वोच्च अदालतमा पटक-पटक उजुरी दिएर आफूले पक्ष राष्ट्रका पदाधिकारीहरूलाई आफूले लगाएको आरोपबारे जानकारी गराउने प्रयास गरेको देखाएका छन् । विशेष गरी, मे ८, २०११ को अदालतको सुनुवाइको प्रतिलिपिले समर्थन गर्ने उजुरीकर्ताको दावीहरूका सम्बन्धमा पक्ष राष्ट्रबाट कुनै ठोस स्पष्टीकरण नभएकोले उजुरीकर्ताका आरोपहरूलाई उचित भार दिनुपर्दछ भन्ने कुरामा समितिले विचार गर्दछ । वर्तमान मुद्दाको परिस्थितिमा, समितिसमक्ष रहेका तथ्यहरूले अनुबन्धको धारा ७ का साथै धारा २(३) अन्तर्गत उजुरीकर्ताको अधिकारको उल्लङ्घन गरेको खुलासा गर्दछ भन्ने समितिको निष्कर्ष रहेको छ ।

८.५ धारा ९ को कथित उल्लङ्घनको सम्बन्धमा, उजुरीकर्तालाई पक्राउ पूर्जी विना र निज पक्राउ पर्नुको कारण वा निजको अधिकारबारे जानकारी नदिई अप्रिल ७, २०११ मा पक्राउ गरिएको, निजलाई अप्रिल १३ सम्म अज्ञात रूपमा हिरासतमा राखिएको, निजका आफन्तलाई उनी कहाँ कुन हालतमा छन् भन्ने थाहा नदिइएको, र उनले वकिल वा मेडिकल सहायतासम्म पहुँच नपाएको भन्ने उजुरीकर्ताको दावीलाई समितिले टिपोट गरेको छ । फाइलमा रहेको जानकारी अनुसार, उजुरीकर्तालाई उनको गिरफ्तारीको एक महिना पछि मे ८,२०११ मा पहिलो पटक न्यायाधीश समक्ष पेश गरिएको थियो र यस सम्बन्धमा निजले आफूलाई तुरुन्तै अदालतमा न्यायधीश समक्ष पेश गरिनुपर्ने अधिकारलाई पक्ष राष्ट्रबाट उल्लङ्घन गरिएको छ भन्ने दावी गरेका छन् । अप्रिल७, २०११ देखि मे ११, २०११ सम्म

---

25 General comment No. 20 (1992) on the prohibition of torture or other cruel, inhuman or degrading treatment or punishment, para. 3.

26 *Khoroshenko v. Russian Federation* para. 9.5.

27 *Giri v. Nepal*, para.7.4, and *El Awani v. Libyan Arab Jamahiriya* (CCPR/C/90/D/1295/2004), para. 6.5.

28 *Khoroshenko v. Russian Federation*, para. 9.5.

उजुरीकर्ताको गिरफ्तारी र थुनाको सम्बन्धमा[29]पक्ष राष्ट्रबाट कुनै पनि सान्दर्भिक स्पष्टीकरण नभएकोले अनुबन्धको धारा ९(१)-(३) अन्तर्गत उजुरीकर्ताको अधिकारको उल्लङ्घन भएको समितिको ठहर छ ।

८.६ धारा १०(१) अन्तर्गत उजुरीकर्ताको दावीको सम्बन्धमा, निजलाई थुनामा राखिएको अवस्था क्रूरता, अमानवीय र अपमानजनक व्यवहारले भरिएको थियो भन्ने निजले पेश गरेको कुरालाई समितिले टिपोट गर्दछ । विशेष गरी, उजुरीकर्ताको अज्ञात हिरासतको समयमा निजलाई लामो समयसम्म आँखामा पट्टी बाँधेर राखिएको थियो र ५० घण्टा भन्दा बढी लगातार उभिन बाध्य पारिएको थियो भन्ने उजुरीकर्ताको आरोप रहेको छ ।निजलाई तीन दिनसम्म खाना नदिइएको र दुई दिनसम्म पिउने पानीसमेत नपाएको कुरा निजले पेश गरेका छन् । विभिन्न संरचनाहरूमा उनको बाँकी हिरासतको समयमा निजलाई उडुस र लामखुट्टेले भरिएका, स्वच्छताको अवस्था निकै खराब रहेका र क्षमताभन्दा धेरै बढी कैदी भएका कक्षहरूमा थुनिएको थियो भन्ने उजुरीकर्ताको दावी छ ।

८.७ स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूलाई स्वतन्त्रताको वञ्चितीकरणको अवस्थाबाट सिर्जितबाहेकका अन्य कुनै कठिनाइ वा बाधाहरू दिन नहुने र उनीहरूसँग मानवताको व्यवहार गरी उनीहरूको मर्यादाको सम्मान गरिनुपर्छ भन्ने कुरालाई समितिले दोहोर्‍याउँछ ।[30] उजुरीकर्ताले राष्ट्रिय मानवअधिकार आयोग, जिल्ला अदालत र सर्वोच्च अदालतमा उजुरी दिएर आफूले पक्ष राष्ट्रका अधिकारीहरूलाई आफ्नो आरोपबारे जानकारी गराउने प्रयास गरेको देखाएको कुरालाई समितिले टिपोट गर्दछ । हिरासतमा रहेको बेला उजुरीकर्तामथि गरेको व्यवहारका सम्बन्धमा पक्ष राष्ट्रबाट कुनै जानकारी पेश नहुँदा, उजुरीकर्तालाई विभिन्न थुनुवा स्थानहरूमा राखिएको बन्दी अवस्थाले दुर्व्यवहार गरेको भनी जनाउने निजको आरोपलाई समितिले उचित भार दिन्छ[31] र यसबाट अनुबन्धको धारा १०(१) का साथै धारा २(३) अन्तर्गत उनको अधिकारको उल्लङ्घन भएको समितिको निष्कर्ष रहेको छ ।

८.८ अनुबन्धको धारा १४(३)(ख)को व्यवस्थाको सन्दर्भमा, नजरबन्दको पहिलो पाँच दिनसम्म निजलाई कुनै कानूनी सहायता उपलब्ध नगराई बारम्बार सोधपुछको शिकार बनाइएको थियो भन्ने उजुरीकर्ताले पेश गरेको कुरालाई समितिले टिपोट गर्दछ । यस सम्बन्धमा, अनुबन्धको धारा १४ बमोजिम कुनै फौजदारी अभियोगको निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई आफ्नो प्रतिरक्षाको तयारीको लागि पर्याप्त समय र सुविधा पाउने र आफूले रोजेको वकिलसँग परामर्श गर्ने हक हुनेछ भनी समितिले स्मरण गर्दछ । थुनाको पहिलो दिनमा उजुरीकर्ताको कानूनी सहायतामा पहुँचको बारेमा पक्ष राष्ट्रबाट कुनै कुरा पेश नभएकोले, र थुनामा राखिएकोले गर्दा कानूनी रूपमा उनको प्रतिनिधित्व नगरिएको र यसले गर्दा जिल्ला अदालत समक्ष मेडिकल परीक्षणको लागि औपचारिक निवेदन दायर गर्न नसकेको भन्ने उजुरीकर्ताले पेश गरेको कुरालाई ध्यानमा राख्दै अनुबन्धको धारा १४(३)(ख) अन्तर्गत उजुरीकर्ताको प्रतिरक्षाको तयारी गर्ने र वकीलसँग परामर्श गर्ने अधिकारको उल्लङ्घन भएको समितिको ठहर छ ।

८.९ उजुरीकर्तालाई स्वेच्छाचारी थुनामा राख्ने क्रममा धेरै प्रहरीहरूले यातना दिएका र जबरजस्ती अपराध स्वीकार गर्न लगाएका भन्ने कुरा पनि उजुरीकर्ताले पेश गरेका छन् । उजुरीकर्ताको दावी अनुसार त्यो स्वीकारपत्रलाई जुन १३, २०१२ मा निजको सजायको

[29] *Medjnoune v. Algeria* (CCPR/C/87/D/1297/2004) para.8.5; *Sharma v.Nepal* (CCPR/C/94/D/1469/2006), para. 7.3, and *Giri v. Nepal*, para. 7.8.

[30] General comment No. 21 (1992) on humane treatment of persons deprived of their liberty, para. 3.

[31] *Maharajan v. Nepal*, para. 8.7, and *Gorji-Dinka v. Cameroon* (CCPR/C/83/D/1134/2002), para. 5.2.

आधारको रूपमा प्रयोग गरिएको थियो, जुन धारा १४(३)(छ) अन्तर्गत निजको अधिकारको उल्लङ्घन थियो । समितिको निष्कर्षबाट अनुबन्धको धारा ७ अन्तर्गत भएको उल्लङ्घनलाई विचार गर्दै, उजुरीकर्ताले पेश गरेका यातनाको आरोपको छानबिन गर्न पक्ष राष्ट्रको असक्षमता वा अनिच्छा, र उजुरीकर्ताको स्वीकारपत्रलाई प्रमाणको रूपमा लिँदै उनलाई दोषी करार गर्ने आधारको रूपमा प्रयोग गरेको भन्ने निर्विवाद तथ्यलाई ध्यानमा राखी अनुबन्धको धारा १४(३)(छ) बमोजिमको उजुरीकर्ताको अधिकार पक्ष राष्ट्रले उल्लङ्घन गरेको भन्ने समितिको ठहर रहेको छ ।[32]

९.ऐच्छिक आलेखको धारा ५(४) बमोजिम काम गर्दै समितिको यस समक्ष रहेका तथ्यहरूले अनुबन्धको धारा ७ र १० (१) को साथै धारा ९(१)-(३) र १४(३)(ख) र (छ) अन्तर्गतका अधिकारहरूको पक्ष राष्ट्रले उल्लङ्घन गरेको खुलासा गर्दछ भन्ने धारणा रहेको छ ।[33]

१०. अनुबन्धको धारा २(३)(क) बमोजिम, यस अनुबन्ध अन्तर्गतको अधिकार हनन भएका व्यक्तिहरूलाई पूर्ण क्षतिपूर्तिको रूपमा प्रभावकारी उपचार उपलब्ध गराउने दायित्व पक्ष राष्ट्रको हो। तसर्थ, अन्य कुराहरूसँगसँगै देहायका कुराहरूमा पक्ष राष्ट्रको दायित्व रहन्छ : (क) उजुरीकर्ताको यातनाको आरोपको पूर्ण र प्रभावकारी अनुसन्धान गर्ने र उजुरीकर्तालाई अनुसन्धानका नतिजाहरूको विस्तृत जानकारी प्रदान गर्ने; (ख) उल्लङ्घनका लागि जिम्मेवार व्यक्तिहरूमाथि मुद्दा चलाउने, कार्यवाही तथा सजाय गर्ने र त्यस्ता उपायहरूको नतिजा सार्वजनिक गर्ने; (ग) हालको उजुरीसँग सम्बन्धित लेखकको आपराधिक रेकर्डलाई हटाउने; (घ) उजुरीकर्तालाई आवश्यक र पर्याप्त मनोवैज्ञानिक पुनर्स्थापना र मेडिकल उपचार उपलब्ध गराइएको सुनिश्चित गर्ने; र (ङ) उजुरीकर्तालाई निजले भोगेका उल्लङ्घनका लागि क्षतिपूर्ति प्रदान गर्ने, निजलाई सन्तुष्ट हुने किसिमले सार्वजनिक माफी माग्ने लगायतका उपयुक्त उपायहरू अपनाउने ।भविष्यमा यस्ता उल्लङ्घनहरू हुन नदिनका लागि आवश्यक सबै कदम चाल्नु पनि पक्ष राष्ट्रको दायित्व हो। विशेष गरी, पक्ष राष्ट्रले आफ्नो कानूनले यातना दिने र जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्दछ र अपराधको गम्भीरतासँग मिल्ने उपयुक्त प्रतिबन्ध र उपचारको व्यवस्था गर्दछ; त्यस्ता कुनै पनि घटनाहरूले द्रुत, निष्पक्ष र प्रभावकारी अनुसन्धानलाई जन्म दिने प्रत्याभूति गर्दछ; त्यस्ता अपराधका लागि जिम्मेवार व्यक्तिहरूलाई आपराधिक मुद्दा चलाउन सहयोग गर्दछ; र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार यातनाको क्षतिपूर्ति दावी गर्न ३५ दिनको कानूनी हदम्यादलाई परिमार्जन गर्दछ भन्ने कुराको सुनिश्चित गर्नुपर्छ ।

११. ऐच्छिक आलेखको पक्ष बनेर पक्ष राष्ट्रले अनुबन्धको उल्लङ्घन भए नभएको यकीन गर्ने समितिको सक्षमतालाई स्वीकार गरेको छ र अनुबन्धको धारा २ बमोजिम पक्ष राष्ट्रले आफ्नो इलाका भित्र वा आफ्नो क्षेत्राधिकार अन्तर्गत रहेका सबै व्यक्तिहरूलाई अनुबन्धमा उल्लेखित अधिकार सुनिश्चित गर्ने र उक्त अधिकार उल्लङ्घन भएको छ भनी यकीन भएमा प्रभावकारी र कानूनी उपचार उपलब्ध गराउने जिम्मेवारी लिएको हुन्छ भन्ने कुरालाई ध्यानमा राख्दै समितिले दिएका राय कार्यान्वयन गर्ने सम्बन्धमा पक्ष राष्ट्रबाट अपनाइएको उपाहरूको बारेमा १८० दिनभित्र जानकारी प्राप्त गर्ने समितिले अपेक्षा गरेको छ । साथै यी विचारहरूलाई प्रकाशन गर्न र राज्यको सरकारी कामकाजका भाषामा व्यापक रूपमा प्रचार प्रसार गर्न गराउन पनि पक्ष राष्ट्रलाई समितिले अनुरोध गरेको छ ।

---

32 *Bazarov v. Kyrgyzstan* (CCPR/C/118/D/2187/2012), para. 6.4.

33 *Neupane et al. v. Nepal* (CCPR/C/120/D/2170/2012), para. 11, and *Purna Maya v. Nepal* (CCPR/C/119/D/2245/2013) para. 15.